# संघीय संसद
# प्रतिनिधि सभा
चौथो अधिवेशन
## बैठक संख्या - ५४

## सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७६ साल भदौ १८ गते बुधबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री कृष्ण बहादुर महराको अध्यक्षतामा दिनको १:१० बजे प्रारम्भ भयो ।

सर्वप्रथम प्रारम्भ भएको शून्य समयमा निम्नलिखित मा० सदस्यहरुले विविध समसामयिक विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो :-

१. मा० श्री अञ्जना विशंखे
२. मा० श्री अतहर कमाल मुसलमान
३. मा० श्री ईन्दु कुमारी शर्मा
४. मा० श्री उमा रेग्मी
५. मा० श्री उमाशंकर अरगरिया
६. मा० श्री कृष्णगोपाल श्रेष्ठ
७. मा० श्री कृष्णप्रसाद दाहाल
८. मा० श्री कृष्ण कुमार राई
९. मा० श्री खेमप्रसाद लोहनी
१०. मा० श्री गणेश कुमार पहाडी
११. मा० श्री गणेश सिंह ठगुन्ना
१२. मा० श्री घनश्याम खतिवडा
१३. मा० श्री जीपछिरिङ लामा
१४. मा० श्री जुली कुमारी महतो

तदुपरान्त प्रारम्भ भएको विशेष समयमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री प्रभु साह
२. मा० श्री डिला सँग्रौला (पंत)
३. मा० श्री महिन्द्र राय यादव
४. मा० श्री रेणुकुमारी यादव
५. मा० श्री प्रेम सुवाल
६. मा० श्री शेरबहादुर तामाङ्ग
७. मा० श्री गगन कुमार थापा
८. मा० श्री पूर्ण कुमारी सुवेदी
९. मा० श्री सञ्जय कुमार गौतम
१०. मा० श्री बिरोध खतिवडा
११. मा० श्री देवेन्द्र राज कंडेल
१२. मा० श्री सूर्यप्रसाद पाठक
१३. मा० श्री दिलेन्द्रप्रसाद बडू
१४. मा० श्री राजबहादुर बुढा क्षेत्री
१५. मा० श्री सुजिता शाक्य
१६. मा० श्री नवराज रावत
१७. मा० श्री नविना लामा
१८. मा० श्री यज्ञराज सुनुवार
१९. मा० श्री लीलानाथ श्रेष्ठ
२०. मा० श्री हितबहादुर तामाङ्ग
२१. मा० श्री राजेन्द्रप्रसाद गौतम

तत्पश्चात प्रारम्भ भएको वन तथा वातावरण मन्त्रालयसँग सम्बन्धित मौखिक प्रश्नोत्तर कार्यक्रममा निम्नलिखित मा० सदस्यहरुबाट सोधिएका प्रश्नहरुको मा० वन तथा वातावरण मन्त्री श्री शक्तिबहादुर बस्नेतले उत्तर दिनुभयो :-

| प्रश्नकर्ता | पुरक प्रश्नकर्ताहरु |
|---|---|
| प्रश्न नं. ३१<br>मा० श्री प्रेम सुवाल | १. मा० श्री उमा रेग्मी<br>२. मा० श्री सुजाता परियार<br>३. मा० श्री नारायण प्रसाद खतिवडा |
| प्रश्न नं. ३२<br>मा० श्री महिन्द्र राय यादव | १. मा० श्री महिन्द्र राय यादव<br>२. मा० श्री जुली कुमारी महतो<br>३. मा० श्री सञ्जय कुमार गौतम |
| प्रश्न नं. ३३<br>मा० श्री डिला सँग्रौला (पंत) को तर्फबाट मा० श्री रंगमती शाही | १. मा० श्री रंगमती शाही<br>२. मा० श्री प्रेम सुवाल<br>३. मा० श्री बिमला बि.क. |
| प्रश्न नं. ३४<br>मा० श्री रामबहादुर विष्ट | १. मा० श्री रामबहादुर विष्ट<br>२. मा० श्री गजेन्द्र बहादुर महत<br>३. मा० श्री नविना लामा |

त्यसपछि सम्माननीय सभामुखले आजको प्रश्नोत्तरको कार्यक्रम समाप्त भएको जानकारी गराउनु भयो ।

तदुपरान्त मा० वन तथा वातावरण मन्त्री श्री शक्तिबहादुर बस्नेतले संरक्षण क्षेत्रभित्र सञ्चालन गरिने सेवा सुविधा सम्बन्धमा सार्वजनिक महत्वको वक्तव्य दिनुभयो ।

तत्पश्चात प्रतिनिधि सभा नियमावली, २०७५ को नियम २१९ को (२) बमोजिम उक्त वक्तव्यको सम्बन्धमा निम्नलिखित मा० सदस्यहरुले सोध्नु भएको प्रश्नको सम्बन्धमा मा० वन तथा वातावरण मन्त्री श्री शक्तिबहादुर बस्नेतले स्पष्ट पार्नुभयो ।

| | | | |
|---|---|---|---|
| १. | मा० श्री महिन्द्र राय यादव | ३. | मा० श्री प्रेम सुवाल |
| २. | मा० श्री पुष्पा भुसाल (गौतम) | ४. | मा० श्री हितबहादुर तामाङ्ग |

त्यसपछि सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १७२ बमोजिम गठित प्रतिनिधि सभा अन्तर्गतको कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिबाट मा० श्री सूर्य नारायण यादवलाई उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिमा हेरफेर गर्न सभाको सहमतिको लागि प्रस्ताव गर्नुहुँदा सभाले सहमति जनायो ।

तदुपरान्त प्रतिनिधि सभाका सचिव श्री गोपालनाथ योगीले राष्ट्रिय सभामा उत्पत्ति भएको “शिक्षा सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने विधेयक, २०७५” को सम्बन्धमा राष्ट्रिय सभाबाट प्राप्त सन्देश टेबुल गर्नुभयो ।

तत्पश्चात अर्थ समितिका मा० सभापति श्री कृष्णप्रसाद दाहालले “राजश्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) (पहिलो संशोधन) विधेयक सम्बन्धी समितिको प्रतिवेदन, २०७६” पेश गर्नुभयो ।

त्यसपछि मा० उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री मातृकाप्रसाद यादवले “उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको प्रतिवेदन सहितको औद्योगिक व्यवसाय विधेयक, २०७५ माथि छलफल गरियोस्” भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको प्रतिवेदन सहित औद्योगिक व्यवसाय विधेयक, २०७५ माथिको छलफलमा मा० श्री देवेन्द्र राज कंडेल र मा० श्री प्रेम सुवालले भाग लिनुभयो ।

तत्पश्चात मा० उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री मातृकाप्रसाद यादवले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

त्यसपछि सम्माननीय सभामुखले “औद्योगिक व्यवसाय विधेयक, २०७५” का सम्बन्धमा उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि १९ सम्म उल्लेखित संशोधनहरुलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त सम्माननीय सभामुखले “औद्योगिक व्यवसाय विधेयक, २०७५” का सम्बन्धमा उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि १९ सम्म उल्लेखित संशोधनहरुलाई विधेयकको अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तत्पश्चात सम्माननीय सभामुखले विधेयकको दफा २ देखि ६९ सम्म र सम्बन्धित अनुसूची १ देखि १० सम्म “औद्योगिक व्यवसाय विधेयक, २०७५” को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले विधेयकको प्रस्तावना र नाम पढेर सुनाउनु हुँदै “औद्योगिक व्यवसाय विधेयक, २०७६” को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त मा० उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री मातृकाप्रसाद यादवलाई “औद्योगिक व्यवसाय विधेयक, २०७६ लाई पारित गरियोस्” भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदनन्तर बैठक २०७६ साल भदौ २२ गते आइतबार दिनको १:०० बजे बस्नेगरी दिनको ४:२० बजे स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
संघीय संसदको महासचिव